bhanjyangnews.com

वि.सं. २०३९ सालदेखि निरन्तर प्रकाशित

# भञ्ज्याङ

राष्ट्रिय दैनिक

BHANJYANG NATIONAL DAILY

एसियन पेन्टस र सेरा कम्पनीको आधिकारीक बिक्रेता




सम्पूर्ण रङ रोकनका सामान होलसेल तथा खुद्रा बिक्री गरिन्छ । साथै पेन्टर चाहिएमा पनि सम्पर्क गर्नुहोला ।

प्रो. श्याम मौरती

व्यास-२, भेटघाटचोक, दमौली, तनहुँ

फोन:०६५-५६२६८७, ९८५६०६०३४७

ग्रिनरी भानु सप्लायर्स

वर्ष ४० अंक ३८ | २०७८ जेठ १३ गते विहीबार, नेपाल सम्वत् ११४१ May 27, 2021 | पृष्ठ ४ | मूल्य : रू. ५/-

# जीपीको कोभिड अस्पतालमा भेन्टिलेटर सहितको उपचार सेवा दिने तयारी

## तनहुँमा १६६ जना संक्रमित थपिएसंगै सक्रिय संक्रमितको संख्या ९६२

**भञ्ज्याङ समाचारदाता/दमौली**

कोरोना भाइरस संक्रमणबाट गम्भिर अवस्थाका संक्रमितलाई भेन्टिलेटर सहितको उपचार तनहुँमै गर्ने तयारीमा यहाँका स्वास्थ्य संस्था जुटिरहेका छन् । शुक्लागण्डकी नगरपालिका स्थित जिपी कोइराला राष्ट्रिय श्वासप्रश्वास उपचार केन्द्रस्थित कोभिड अस्पतालमा भेन्टिलेटर सहितको उपचारसेवाका लागि आवश्यक तयारीलाई अन्तिम चरणमा पुर्‍याइएको छ । जिल्लाको १० वटै पालिकाको लागत सहभागितामा तयार गरिएको ३० वेड क्षमताको कोभिड अस्पतालमा २ वटा भेन्टिलेटर जडान गर्न लागिएको केन्द्रका कार्यकारी निर्देशक डा. रामकुमार श्रेष्ठले बताए । उनले भने, 'सानो मेसिन जडान भैसकेको र त्यसलाई आवश्यक पर्ने माक्स पनि ल्याईसकेका छौं । तर ठुलो मेशिन जडानमा भने समस्य देखिएको छ ।'

'गम्भिर प्रकृतिका संक्रमितलाई पोखरा र काठमाडौं रिफर गर्ने गरेका छौं', उनले भने, 'अब भने भेन्टिलेटर सहितको उपचार आवश्यक पर्ने केही संक्रमितलाई हामी यहि उपचार सेवा उपलब्ध गराउने प्रयासमा जुटेका छौं । भेन्टिलेटर सेवा सञ्चालनका लागि अहिले हामीलाई आवश्यक पर्ने सानासाना उपकरणले समस्या पारिरहेको हुँदा त्यसको जोडजाम्म पनि गरिरहेका छौं ।'

केन्द्रस्थित ३० वेड क्षमताको कोभिड अस्पतालमा बुधबारसम्म २७ जना संक्रमितहरूले उपचारसेवा लिइरहेका छन् । अस्पतालमा साना ठुला गरी ४७ वटा अक्सिजन सिलिन्डर रहेका छन् ।



यस्तै, दमौली अस्पतालमा २० जना संक्रमितले उपचारसेवा लिइरहेका अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डा. सुनिल पौड्यालले बताए । उनले भने, 'भर्ना भएका संक्रमितमध्ये धेरैलाई निमोनिया देखिएको हुँदा आवश्यक अनुसार अक्सिजन र औषधी दिएका छौं।'

'यी मध्ये ९ जनाको अवस्था गम्भिर रहेको छ', उनले भने, 'उनीहरूलाई छुट्टै वर्डमा राखि आवश्यकतानुसार मेसिन तथा औषधीको प्रयोग गरी उपचारसेवा दिइरहेका छौं। ९ जनामै निमोनियाको संक्रमण उच्च देखिएको छ ।'

डा. पौड्यालका अनुसार अस्पतालको कोभिड उपचार केन्द्रबाट निको भएर २६ जना घर फर्किएका छन् । उनले भने, 'पहिलो पटक अस्पतालमा कोरोना भाइरस संक्रमितलाई भर्ना गरी उपचार सेवा दिइरहेका छौं । चुनौति धेरै हुँदाहुँदै पनि पहिलो लटलाई निको बनाएर घर फर्काउन सफल भएका छौं ।'

२१ वेड क्षमताको केन्द्रमा हाल ४० वटा अक्सिजन सिलिन्डर रहेको अस्पतालले जनाएको छ। डा. पौड्यलले भने, 'हाललाई पर्याप्त छ, खाली भएका सिलिन्डर पोखरा पठाएर भरेर ल्याउने पनि गरेका छौं । विरामीको प्रकृति हेरी दिनमा १० देखि १२ वटासम्म अक्सिजनका सिलिन्डर खपत हुने गरेको छ ।'

अस्पतालको कोभिड उपचार वर्डमा थप स्वास्थ्यकर्मीहरूलाई खटाइने तयारी भैरहेको अस्पताल विकास समितिका अध्यक्ष प्रदिप अधिकारीले बताए । उनले भने, 'हाल संक्रमितको उपचारका लागि २ जना डाक्टर, ३ जना नर्स, २ जना कार्यालय सहयोगी र २ जना हेल्थ एसिस्टेन्डको व्यवस्था गरिएको र उनीहरूलाई सुत्केरी वर्डमा बस्ने व्यवस्थापन मिलाइएको छ ।'

'कोरोनाका बिरामीलाई उपचार सेवा दिने भनेर प्रसुति सेवा केही समयका लागि बन्द गरिएको छ', समितिका अध्यक्ष अधिकारीले भने,

बाँकी अन्तिम पेजमा

# दैनिक दुई घण्टा दमौलीका बैंक सञ्चालन व्यवस्था मिलाउन आग्रह

**भञ्ज्याङ समाचारदाता/दमौली**

तनहुँको व्यास नगरपालिकाले दैनिक विहान १० देखि १२ बजेसम्म बैंक खोल्ने व्यवस्था मिलाइदिन जिल्ला कोभिड-१९ संकट व्यवस्थापन केन्द्र तनहुँलाई आग्रह गरेको छ । नगरप्रमुख बैकुण्ठ न्यौपानेको अध्यक्षतामा बुधबार बसेको व्यास नगर कार्यपालिकाको नियमित बैठकले दैनिक २ घण्टा बैंक खोल्ने अनुमति प्रदान गर्न केन्द्रलाई सिफारिस गरेको हो ।

कोभिड-१९ रोकथाम तथा नियन्त्रणका लागि भईरहेको निषेद्याज्ञाको अबस्थामा वैंकहरूले प्रदान गर्दै आएको नियमित सेवा बन्द रहेकाले कोभिड-१९का संक्रमित घर परिवारले उपचारका लागि वैंकमा रहेको रकम समेत भुक्तानी लिन नपाउदा उपचारमा कठिनाइ भएको भन्ने गुनासो आएकाले २ घण्टा सेवा सञ्चालन गर्न स्थानीय बैंकहरूलाई र जिल्ला कोभिड-१९ संकट व्यवस्थापन केन्द्र तनहुँलाई नगरपालिकाले अनुरोध गरेको नगरपालिकाका शाखा अधिकृत मेघराज आचार्यले जानकारी दिए ।

स्वास्थ्य सुरक्षाका पुर्ण मापदण्ड अपनाएर बढीमा ४ जना जनशक्ति परिचालन गरी बैंकका सेवा सञ्चालन गर्न सिफारिस गरिएको नगरपालिकाले जनाएको छ । साथै निषेद्याज्ञाको अवस्थामा पनि दमौलीका भित्री बाटा तथा सार्वजनिक स्थान र ग्रामीण वडामा मानिसहरूले स्वास्थ्य मापदण्डको उल्लंघन गर्दै चहलपहल एवं भिडभाड गर्ने गरेको भेटिएकाले स्थानीय प्रहरी प्रशासनलाई कडाइका साथ सोको अनुगमन एवं निगरानी गर्न नगरपालिकाले अनुरोध समेत गरेको छ ।

# छुट भएकालाई १६ र १७ गते दोश्रो डोजको खोप लगाइने

**भञ्ज्याङ समाचारदाता/दमौली**

तनहुँमा दोश्रो चरणको खोप लगाउन छुटेकालाई आगामी आईतबारबाट खोप लगाइने भएको छ । स्वास्थ्य कार्यालय तनहुँका अनुसार जिल्लाका सबै तहमा यस अघि प्राथमिकतामा परेका अग्रपंक्तिमा खटिएका स्वास्थ्यकर्मी, सुरक्षाकर्मी, कर्मचारी, ज्येष्ठ नागरिक, पत्रकार लगायतलाई यस्तो खोप दिइनेछ ।



प्रदेश सरकार
गण्डकी प्रदेश
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
स्वास्थ्य निर्देशनालय
स्वास्थ्य कार्यालय
तनहुँ

फोन/फ्याक्स: ०६५५।

पत्र संख्या :- ०७७/७८
चलानी नं.:- २६२

मिति : २०७८/०२/११

विषय :- छुट भएका व्यक्तिहरुलाई कोभिड १९ विरुद्ध खोप दिने सम्वन्धमा ।

श्री तनहुँ स्थित सबै सरकारी कार्यालय, स्थानीय तह, सुरक्षानिकाय, प्राधिकरण, बैंक तथा बित्तिय संस्था, र पत्रकारहरु, तनहुँ ।

उपरोक्त सम्बन्धमा मिति २०७८/०२/०५ गते स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको ICS बैठकको निर्णय र यस जिल्ला DCCMC को बैठकको निर्णय अनुसार तनहुँ जिल्लामा २०७७ फाल्गुन २३ गते भन्दा अगाडि पहिलो प्राथमिकतामा परी कोभिशिल्ड खोप यहाँहरुले पठाएका नामको विवरण अनुसार (अग्रपंक्तिमा खटिने स्वास्थ्यकर्मी, महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका, कैदीबन्दी, बृद्धबृद्धा, स्थानिय तहका जनप्रतिनिधी तथा कर्मचारी, सरकारी सेवाका कर्मचारी, सुरक्षाकर्मी, न्याय सेवाका कर्मचारी, बैंक तथा बित्तिय संस्थाका कर्मचारी, प्राधिकरण तथा संस्थानका कार्यरत कर्मचारी, पत्रकारहरु) दोश्रो मात्रा लगाउन छुट भएका व्यक्तिहरुलाई तपसिलको मिति, स्थान र समयमा आफु र मातहतका व्यक्ति तथा निकायलाई जानकारी गराई पहिलो मात्रा लगाएको खोप कार्ड अनिवार्य लिई जनस्वास्थ्य सुरक्षाका मापदण्डहरु अपनाई खोप लिने व्यवस्था मिलाउनु हुन विनम्र अनुरोध छ ।

तपसिल

मिति : २०७८/०२/१६ र १७ गते,
समय: विहाना १० वजे देखि दिउंसो ४ बजे सम्म,
स्थान: तल तोकिएका पालिकाका स्वास्थ्य संस्थामा,

शंकर वावु अधिकारी

खोप कार्यक्रम संचालन हुने स्वास्थ्य संस्थाहरु

| न.पा./गा.पा. | खोप केन्द्र | मिति | न.पा./गा.पा. | खोप केन्द्र | मिति |
|---|---|---|---|---|---|
| व्यास न.पा. | व्यास न.पा.हल (१८ मा ६०), स्वास्थ्य कार्यालय भवन, कैदीबन्दी (कारागार) | १६ र १७ गते | घिरिङ्ग गा.पा. | घिरिङ्ग स्वास्थ्य चौकी, | १६ गते |
| भानु न.पा. | नारेश्वटार आधारभुत स्वा.केन्द्र, भानु-२ | १६ र १७ गते | रिसिङ्ग गा.पा. | वडा नं.१ को भवन भ्रापुटार, कोटदरवार स्वास्थ्य चौकी, | १६ गते |
| शुक्लागण्डकी न.पा. | जि.पि. कोइराला राष्ट्रिय श्वासप्रश्वास उपचार केन्द्र, | १६ र १७ गते | देवघाट गा.पा. | देवघाट धर्मास्थल अस्पताल, | १७ गते |
| भिमाद न.पा. | भिमाद प्राथमिक स्वास्थ्य केन्द्र, | १६ गते | आँबुखैरेनी गा.पा. | आँबुखैरेनी स्वास्थ्य चौकी, | १६ गते |
| बन्दीपुर गा.पा. | बन्दीपुर अस्पताल, | १६ गते | म्याग्दे गा.पा. | जामुने स्वास्थ्य चौकी, | १६ गते |

विस्तृत जानकारीको लागि नजिकको स्वास्थ्य संस्था वा स्थानिय तहको स्वास्थ्य शाखा वा स्वास्थ्य कार्यालय तनहुँमा सम्पर्क राख्नुहुन अनुरोध छ ।

कार्यालय प्रमुख शंकरबाबु अधिकारीले आगामी आईतबार र सोमबार त्यस्तो खोप दिइने जानकारी दिए। कार्यालयले दमौली, नारेश्वटार, बेलचौतारा, बन्दीपुर, घिरिङ, कोटदरबार, देवघाट तथा जामुनेमा यस्तो खोप दिने व्यवस्था मिलाएको छ । तर खोप लगाउन भने गत फागुन २३ गते अगाडि लगाएका व्यक्ति हुनुपर्ने सूचनामा छ ।

खोप लगाउनका लागि स्वास्थ्य संस्था वा स्थानीय तहमा सम्पर्क राख्न पनि कार्यालयले आग्रह गरेको छ । यस अघि जिल्ला कोभिड संकट व्यवस्थापन समितिले मौज्दात रहेको खोप दोश्रो चरणमा छुटेकालाई लगाउन दिने निर्णय गरेको थियो ।

# सिमित मानिसको उपस्थितिमा २५६५औं बुद्ध जयन्ती मनाइयो

**भञ्ज्याङ समाचारदाता/दमौली**

कोरोना संक्रमणबाट सुरक्षित रहने आवश्यक सावधानी अपनाउँदै शान्तिका अग्रदूत भगवान् गौतम बुद्धको २५६५औं जन्म जयन्ती घरघरमा श्रद्धा भक्तिपूर्वक पूजा आराधना एवं शान्ति सन्देश फैल्याउने योगदानको स्मरण गरी मनाइएको छ । प्रत्येक वर्ष वैशाख शुक्ल पूर्णिमाका दिन बुद्धजयन्ती पर्व शाक्यमुनि बुद्धले शान्तिको सन्देश फैल्याउन पुर्‍याउनु भएको योगदानको स्मरणमा उहाँप्रति आराधना, ध्यान गरी मनाइन्छ। भगवान् विष्णुको नवौं अवतारका रूपमा कपिलवस्तु राज्यका राजा शुद्धोधन र मायादेवीका सुपुत्रका रूपमा उहाँले जन्म लिनु भएको थियो ।

राजकुमारका रूपमा प्राप्त हुने सुखसयल छोडी दुःख निवारणको कारण खोज्न २९ वर्षको उमेरमा सिद्धार्थ गौतम तपस्याका लागि निस्कनुभयो । तपस्याबाट प्राप्त बुद्धत्वका माध्यमबाट उहाँले विश्व शान्ति स्थापनाका लागि सहयोग पुर्‍याउनुभयो । बुद्धको जन्म, ज्ञान प्राप्ति, महापरिनिर्वाण (मुत्यु) वैशाख शुक्ल पूर्णिमाकै तिथिमा परेकाले यस दिन नेपाललगायत विश्वका बौद्ध धर्मावलम्बीले बुद्धप्रति भावपूर्ण श्रद्धा र भक्तिले बुद्धजयन्ती मनाउने गर्दछन् । उहाँको जीवनका तीन महत्वपूर्ण घटना वैशाख शुक्ल पूर्णिमाका दिन भएकाले आजको दिनलाई बौद्धमार्गीले त्रिसंयोग दिवसका रूपमा पनि मनाएका छन्।

'अहिंसा नै शान्ति र मैत्रीको आधारशिला हो' यस्ता अनेकौं कालजयी सन्देशका वाहक भगवान् गौतम बुद्धको जन्म जयन्तीका अवसरमा यस वर्ष कोरोना भाइरस (कोभिड-१९) को संक्रमणबाट बच्न जारी निषेधाज्ञाका कारण औपचारिक रूपमा कुनै कार्यक्रम आयोजना गरिएन । गत वर्ष पनि कोरानाबाट बच्न देशभर बन्दाबन्दी गरिएकाले बुद्ध जयन्ती भौतिक दूरी कायम गरी सीमित बौद्ध गुरूले चैत्य, गुम्बा, विहारलगायत धार्मिक स्थलमा पूजा आराधना गरी मनाएका थिए ।



तनहुँको देवघाट गाउँपालिका-५ देवपुर स्थित नेछेन थार्वालिङ्ग बौद्ध गुम्बामा २५६५औ बुद्ध जयन्तीको अवसरमा पुजा पाठ गरिदै । *तस्विर : भञ्ज्याङ*

बौद्ध धर्मावलम्बीले चैत्य, गुम्बा, विहार लगायत स्थलमा सीमित लामा एवं बौद्ध धर्मगुरू मात्र बसेर परम्परादेखि हुँदै आएको पूजा लगायत विधि भने पूरा गरियो । आम नागरिकले भने बेलुकी घरमै दीपावली गरेर बुद्ध जयन्ती मनाएका छन् । लुम्बिनी, स्वयम्भू, बौद्ध लगायत स्थलमा विगत वर्षमा विविध कार्यक्रम आयोजना गरी बुद्ध जयन्ती मनाउने परम्परा थियो। यस वर्ष यी स्थलमा सीमित धर्मगुरू बसेर पूजा पाठ गरी पर्व मनाइएको छ । बौद्ध क्षेत्रका स्थानीयवासीलाई बेलुकी घर घरमा

बाँकी तेश्रो पेजमा

पत्रिका नआइपुगे, ग्राहक बन्नु परेमा तथा विज्ञापन प्रकाशित गर्नु परेमा ।

सम्पर्क : ०६५-५६०९०७

E-mail : bhanjyangdml@gmail.com,

www.bhanjyangnews.com

पत्रिकाको मूल्य तिरेर पढ्ने बानीको विकास गरौं

## सम्पादकीय...........

# हातेमालो गरौं

कोरोना भाइरस संक्रमणले मुलुकका सबै क्षेत्र प्रभावित छ । जनजीवन कष्टपूर्ण बन्दै गएको छ। संक्रमण रोकथाम तथा न्यूनिकरणका लागि मुलुकका लगभग सबै जिल्लामा अहिले निषेधाज्ञा जारी गरिएको छ । स्वास्थ्य क्षेत्र मजबुत नहुँदा नेपालको सामु निषेधाज्ञा र लकडाउन कोरोना संक्रमण रोकथामका लागि अर्को विकल्प देखिदैन । त्यसैले अहिले निषेधाज्ञा जारी गरिएको छ । यस्तै, कोरोना संक्रमण भए नभएको पुष्टिका लागि पीसीआर परीक्षण गर्नुपर्ने हुन्छ । तनहुँमा पीसीआर परीक्षण गर्ने ल्याब नहुँदा नागरिकले सास्ति खेप्दै आएका छन् । स्वाब नमुना संकलन गरी परीक्षणका लागि पोखरा पठाउनु पर्ने र रिपोर्ट आउन हप्तदिनसम्म कुर्नुपर्ने अवस्था आएपछि अहिले तनहुँका स्थानीय पालिकाहरू जिल्लामै पीसीआर परीक्षण प्रयोगशाला सञ्चालन गर्ने अभियानमा जुटेका छन् । जिल्लामा प्रयोगशाला नहुँदा र नमुना पठाएको हप्ता दशदिनसम्म पनि रिपोर्ट नपाउँदा केही संक्रमितहरूको रिपोर्ट नआउँदै मृत्यु समेत हुने गरेको छ । यो अवस्थालाई ख्याल गर्दै तनहुँका दश वटै स्थानीय तहहरू जिल्लामा नै पिसिआर परिक्षण प्रयोगशाला स्थापनाका लागि तयारीमा जुटेका छन् । जिल्लाभर कोभिड-१९ को संक्रमण बढी रहेको छ । पिसिआर परिक्षणको नतिजा ढिलो गरी प्राप्त हुने अवस्थालाई मध्यनजर गरी तनहुँमै प्रयोगशाला स्थापना गर्न सबै पालिकाहरू तयार भएका छन् । विद्यमान कोभिड-१९ को संक्रमणलाई जिल्लाभर कसरी नियन्त्रण गर्न सकिन्छ भन्ने सम्बन्धमा व्यास नगरपालिकाले अन्तरपालिका समन्वय बैठकको आयोजना गरी जिल्लामै प्रयोगशाला सञ्चालनमा ल्याउने अभियानमा चलाएको छ । यो अभियानलाई संघ, प्रदेश सरकारको तर्फबाट पनि बजेट विनियोजन भएको छ भने नागरिकस्तरबाट समेत हातोमालो हुन थालेको छ ।

तनहुँका अन्तरपालिका बैठकले पीसीआर परिक्षणको प्रतिवेदन आउन ढिला हुँदा संक्रमितको पहिचान नभएसम्म उपचार प्रक्रियामा ल्याउन समेत कठिन अबस्थालाई ध्यानमा राखी व्यास नगरपालिका-१०, दुम्सीबजार स्थित आधारभुत स्वास्थ्य कार्यालयको भवनमा पिसिआर परिक्षण प्रयोगशाला स्थापना गर्ने सहमति जनाएका छन् । प्रयोगशाला स्थापनाका लागि सम्बन्धित निकायसँग अनुमति माग गर्ने र आवश्यक व्यवस्थापनको नेतृत्व लिन व्यास नगरपालिकालाई जिम्मा दिइएको छ । व्यास नगरपालिकालाई रोटरी क्लब अन्तर्राष्ट्रिय डिस्ट्रिक ३२९२ ले पहिलो लहरको कोरोना संक्रमण फैलिएको समयमै पोट्रेवल मेशिन समेत उपलब्ध गराएको छ । उक्त प्रयोगशालामा उक्त मेशिन समेत प्रयोगमा ल्याइने भएको छ । दमौली अस्पताल र जि.पि. कोइराला राष्ट्रिय स्वासप्रश्वास उपचार केन्द्रमा अक्सिजन प्लान्ट स्थापना गर्ने प्रक्रियामा समेत स्थानीय पालिकाहरूले सहयोग गर्ने भएका छन् । यो संकटका घडीमा सबै क्षेत्र एक भएर नागरिकको ज्यान जोगाउनु अहिलेको महत्वपूर्ण पाटो हो । जिल्लाका १० वटै पालिकाहरूको सहभागिता स्थापना गरिने पीसीआर परिक्षण प्रयोगशालामा सहयोग गर्न इच्छुक निजी क्षेत्र, वैदेशिक रोजगारमा रहेका दाजुभाई दिदीवहिनी, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ संस्थालाई पनि सहभागिताका लागि अनुरोध गरिएको छ । यो जटिल अवस्थामा हामी सबै एक भएर हातेमालो गरी प्रयोगशाला स्थापना तथा सञ्चालनमा ल्याउने अभियानमा जुट्नुको विकल्प छैन । यदि समयमै संक्रमितको पहिचान गरी सुरक्षित रूपमा आइसोलेशन वा उपचारमा ल्याउन सक्यौ भने अकालमा ज्यान जाने जोखिम पनि कम हुने छ भने अन्य व्यक्तिमा संक्रमण फैलन जोखिम पनि कम हुनेछ । त्यसैले यो संकटको घडीमा सबै धेरै थोरी तथा आफ्नो क्षमता, ज्ञान, सीप जुन रूपमा सहभागिता जनाउन सकिन्छ सोही अनुरूप सहयोग र सहकार्य गरी अभियान सफल पारौं । जिल्लामै कोरोना भाइरस संक्रमणको पहिचान गर्ने प्रयोगशाला सञ्चालनमा सबैले आ-आफ्नो ठाउँबाट हातेमालो गरौं ।

# दुई वर्षदेखि रोकियो घाटु

**रामबहादुर थापा**

यसपालि पनि सती घाटु सम्झिइयो मात्र। कोरोना महामारीका कारण सदियौँ पुरानो घाटु देखाइएन । गत वर्ष पनि कोरोना जोखिमकै कारण घाटु रोकिएको थियो । घाटुको पुस्तैनी परम्परा लगातार दुई वर्ष प्रभावित बन्न पुगेको छ । समय ठिकठाक चलेको भए गलकोट नगरपालिका-१० पाण्डवखानीमा यतिबेला घाटुको रौनक छाउँथ्यो । बुद्ध पूर्णिमाका दिन त घाटु हेर्नकै लागि मानिसको घुइँचो नै लाग्थ्यो । अहिले पाण्डवखानीमा न वैशाखे पूर्णिमा मेलाको रमझम छ, न घाटुको। घाटु बर्सेनि वैशाख कृष्ण औँसीमा शुरू गरी जेठको तेस्रो साता विर्सजन गर्ने चलन छ । गाउँमा प्रचलित घाटु नाच रोकिँदा कतिपयले अफसोच मानेका छन् । यो वर्ष घाटु देखाउन पाउने आशमा स्थानीयवासी थिए । आउँदो वर्ष पनि के कसो हुने हो अन्योल छ । कोरोना हटेर



स्थिति सहज भएमा त पर्व/परम्पराले निरन्तरता पाउने नै छन् ।

घाटु संरक्षण समितिका संयोजक गिरिप्रसाद थापाले प्रतिकूल अवस्थाका कारण घाटुको परम्परामा ठेस लागेको बताउनुभयो। "यसपालि पनि यस्तै भयो, घाटुका गुरूहरूको सम्झना गर्‍यौं, शरण पर्‍यौं, सामान्य धजा-पूजा मात्र भयो", उहाँले भन्नुभयो । वर्षभरिमा कसैलाई दुःखकष्ट नपरोस्, बाटोमा हिँड्दा ठेस नलागोस् सबैको भलो होस् भन्ने कामना गरिएको संयोजक थापाले सुनाउनुभयो । पुरानो संस्कृति देखाउन नपाउँदा अप्ठेरो लागे पनि परिस्थिति त्यस्तै आइलागेको उहाँको भनाइ छ । घाटु नाचका लागि कम्तीमा पनि २५/३० जना चाहिने, मानिस भेला हुने भएकाले कोरोना संक्रमणको जोखिमबीच त्यो सम्भव हुन नसकेको हो । संक्रमण रोक्नकै लागि अहिले जिल्लाभर निषेधाज्ञासमेत जारी छ। कोरोना गाउँगाउँसम्म फैलँदो छ । घाटुका गुरूबासमेत रहनुभएका थापाले यसरी घाटु नाच रोकिएको आफूले कहिल्यै थाहा नपाएको उल्लेख गर्नुभयो । "पहिले-पहिले गुरूबाहरूको निधन हुँदा रोकिएको हुनसक्छ, तर हाम्रो पालामा पहिलोपटक यस्तो भयो", उहाँले भन्नुभयो। औँसीबाट शुरू हुने भए पनि बुद्ध पूर्णिमाका दिन विशेषरूपमा घाटु देखाउने चलन छ । यस वर्ष बुद्धपूर्णिमा बुधबार परेको छ । सोही अवसरमा लाग्ने वैशाखे पूर्णिमा मेलाको मुख्य आकर्षण पनि सती घाटु बन्ने गर्छ । यो वर्ष पनि कोरानाकै कारण उक्त मेला हुन नसकेको आयोजक घुम्टे सांस्कृतिक तथा प्राकृतिक संरक्षण मञ्चले जनाएको छ ।

मञ्चले पनि घाटुको संरक्षण र प्रवर्द्धनमा सघाउँदै आएको छ । मञ्चका सहसचिव सुरेश छन्त्यालका अनुसार पूर्णिमा मेला र घाटुको साइनो पुरानो छ । "घाटु हेर्नकै लागि मेलामा मानिसहरूको ठूलो जमघट हुन्थ्यो, तर अहिले कोरोनाका कारण घाटु देखाउने अवस्था रहेन", उहाँले भन्नुभयो । बर्सेनि माघमा फुक्ने (शुरू गर्न मिल्ने) भए पनि वैशाख कृष्ण औँसीदेखि मात्र पाण्डवखानीमा घाटु देखाइन्छ । जेठ अन्तिम साता समापन गरेपछि माघसम्म घाटु नचाउन मिल्दैन । घाटु विर्सजन गर्नुलाई 'घाटु सेलाउने' पनि भनिन्छ । घाटु शुरू हुँदा र विर्सजनमा विधिवत् पूजाआजा हुन्छ । बिदाइपछि घाटुनीलाई बाटोमा एक्लैदुक्लै हिँड्दा बाधा नआओस् भन्ने कामना गरिन्छ । "देवीदेउताले छोएका घाटुनीको शरण पर्ने, विधिवत् पूजा गर्ने काम हुन्छ", गुरूबा थापाले भन्नुभयो, "बिदाइमा कारूणिक गीत गाइन्छ, नाच पनि त्यस्तै हुन्छ ।" नाच्ने युवतीलाई घाटुनी भनिन्छ। तीनदेखि पाँच-छ जनासम्म घाटुनी हुन्छन् । तत्कालीन पर्वते राजा परशुराम र रानीको जीवनकथामा आधारित सती घाटु गीतिनाटकको शैलीमा प्रस्तुत गर्ने गरिन्छ । युद्धमा राजाको वीरगतिपछि रानीहरूको बिलौना गीत र नृत्यमार्फत घाटुमा अभिव्यक्त हुने गर्छ। राजाको वियोगमा मुर्छित रानी सती गएको कथालाई गीतिलयमा ढालेर रानीको प्रतीकको रूपमा घाटुनीहरु नृत्य गर्छन् ।

गीतकै सुरमा घाटुनीहरूको आँखा बन्द हुने, ढल्ने र पुनः गीतबाटै उनीहरूलाई उठाउने गरिन्छ । महिला र पुरुष कलाकारले समूहमा बसेर कारूणिक गीतहरु गाउँछन् । घाटुनीहरु गीतको सुरमा लएिर नाच्छन् । बिहान शुरू भएको घाटु मध्यरातपछि मात्र पूरा हुन्छ । नृत्यकै क्रममा आँखा पुरै बन्द हुनुमा कुनै 'अलौकिक शक्ति' रहेको जनविश्वास छ । सती घाटुमा कथा अनुसार अइरा, सतीलगायत विभिन्न खण्डहरु हुने गर्छन् । अइरा खण्डमा रोपाइँ र ढ्याङ्ग्रो नाच देखाउने गरिन्छ । "सती खण्डमा घाटुनीहरु मुर्छित भएर ढल्छन्, जुन क्षण एकदम कारूणिक हुन्छ", गुरूबा थापाले भन्नुभयो । भगवान् शिवजीले जोगीको भेषमा राजासँग निहुँ खोजेपछि रानी मुर्छित भएर ढलेको कथा सती घाटुमा छ । घाटुनीहरु गीतबाटै ढल्ने र गीतबाटै उठ्ने हुँदा सती घाटुमा अदृश्य शक्ति रहेको विश्वास गरिन्छ ।

पाण्डवखानीको घाटु नाचको कुनै लिखित इतिहास नभए पनि तत्कालीन गलकोटे राजा खानी खन्ने क्रममा त्यहाँ जाँदा घाटु नाच पनि सँगै लिएर गएको गाउँका अगुवा बताउँछन्। पाण्डवखानीसँगै छिमेकी गाउँ रिघा, सिसाखानीलगायत मगर समुदाय भएका ठाउँमा सती घाटु नचाउने गरिन्छ । बागलुङमा सबैभन्दा बढी प्रचलित र लोकप्रिय सती घाटु पाण्डवखानीकै मानिन्छ । रासस

# साढे दुई करोड जनसंख्याको पहुँचमा इन्टरनेट

**रासस/काठमाडौं**

नेपालमा साढे दुई करोड जनसंख्याको पहुँचमा इन्टरनेट सेवाको पहुँच पुगेको छ । नेपाल दूरसञ्चार प्राधिकरणले सार्वजनिक गरेको चालु आर्थिक वर्ष २०७७/७८ को आठ महिना (गत साउनदेखि फागुन मसान्तसम्म) को तथ्याङ्कअनुसार नेपालमा दुई करोड ६३ लाख ५६ हजारभन्दा बढी जनसंख्याको पहुँचमा इन्टरनेट सेवा पुगेको हो । प्राधिकरणको तथ्याङ्क अनुसार गत माघको तुलनामा फागुनमा नौ लाख ३६ हजारभन्दा बढी प्रयोगकर्ता थपिएका छन् । गत माघमा कूल दुई करोड ५४ लाख १९ हजार जनाको पहुँचमा इन्टरनेट सेवा पुगेको थियो । नेपालमा कूल जनसङ्ख्यामध्ये फागुन मसान्तसम्म ८७ दशमलव १९ प्रतिशत जनसङ्ख्यामा इन्टरनेटको पहुँच पुगेको प्राधिकरणको तथ्याङ्कमा उल्लेख छ। प्राधिकरणले जनसंख्या प्रक्षेपण (२०११(२०३०) लाई आधार मानेर प्रतिवेदन तयार पारेको हो। प्रतिवेदनमा प्राधिकरणले नेपालको कूल जनसंख्या दुई करोड ९८ लाख ७६ हजार ५३१ लाई आधार बनाएको छ। प्राधिकरणको तथ्याङ्क अनुसार सबैभन्दा धेरै योगदान मोबाइल इन्टरनेटको रहेको छ । फागुनसम्म मोबाइल इन्टरनेटको हिस्सा ६४ दशमलव ०८ प्रतिशत छ । एक करोड १५ लाख ६५ हजारभन्दा बढीको पहुँचमा थ्रिजी इन्टरनेट पुगेको छ । जसमा सबैभन्दा धेरै नेपाल टेलिकमको ९० लाख ९४ हजार र एनसेलको २४ लाख ७० हजार रहेको जनाइएको छ । गत माघमा एक करोड १३ लाख ५१ हजार प्रयोगकता रहेकामा फागुनमा दुई लाखभन्दा बढी थ्रिजीका प्रयोगकर्ता थपिएका छन् ।

त्यस्तै, फोरजीका प्रयोगकर्ता ७६ लाख ६८ हजार १८१ पुगेको छ । नेपालमा तीन दूरसञ्चार सेवा कम्पनीले फोरजी सेवा सञ्चालन गरेका छन् । तीन कम्पनी मध्येमा सबैभन्दा धेरै ग्राहक एनसेलको रहेको छ । आठ महिनामा एनसेल कम्पनीका फोरजीका ग्राहक ४८ लाख ५६ हजार ७४२ जना पुगेको छ । गत माघको तुलनामा फागुनमा पाँच लाख ३० हजार ८०६ जना बढेका छन्। गत माघमा फोरजीका ग्राहक ४३ लाख २५ हजार ९३६ जना रहेका थिए । प्राधिकरणको तथ्याङ्कअनुसार सरकारी स्वामित्वमा सञ्चालित नेपाल दूरसञ्चार कम्पनी लिमिटेड (नेपाल टेलिकम) को फोरजीका ग्राहक २५ लाख ८९ हजार २९४ जना पुगेका छन् । गत माघको तुलनामा फागुनमा ४४ हजार ५७० जनाले वृद्धि भएको छ । गत माघमा फोरजीका ग्राहक २५ लाख ४४ हजार रहेका थिए । यसैगरी, स्मार्ट टेलिकमका फोरजी प्रयोगकर्ता दुई लाख २३ हजार १४५ जना पुगेको छ । गत माघको तुलनामा फोरजीका ग्राहक एक हजारले मात्र बढेका छन् । स्मार्ट टेलिकमका फोरजीका मात्र ग्राहक रहेका छन् । फिक्स ब्रोडब्यान्डको हिस्सा २२ दशमलव ३५ प्रतिशत रहेको छ । यसमा एडिएसएलका आठ लाख १२ हजार र एफटिटिएच इन्टरनेट ५९ लाख ४२ हजारभन्दा बढी छन् ।




## तनहुँ जिल्लाका महत्वपूर्ण टेलिफोन

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय - ५६०१३३ | एम्वुलेन्स व्यास न. हस्पिटल : ९८४६१३१०२६ |
| जिल्ला समन्वय समिति - ५६०१७४ | थर्पु हे.पो. एम्बुलेन्स - ९८४६४०२९९४ |
| जिल्ला प्रहरी कार्यालय -५६०१९९/१०० | एम्बुलेन्स, आँवुखैरेनी - ९८४६७४६२२२, |
| व्यास नगरपालिका, दमौली - ५६०२३३ | आँवु इमरजेन्सि एम्बुलेन्स ९८४६७४६२४४ |
| नेपाल रेडक्रस सोसाइटी - ५६०१६९ | नेपाल विद्युत प्राधिकरण(मर्मत)- ५६०१७६ |
| दमौली अस्पताल, दमौली - ५६०२०३ | नेपाल विद्युत प्रा.(सव स्टेशन) - ५६०१९२ |
| रत्नहरी मे. अस्पताल,दमौली, - ५६०१०२ | एम्वुलेन्स युवा क्लव भिमाद ९८१६११८१०० |
| नेशनल एपोलो हस्पिटल - ५६१८११ | टिकट काउण्टर (माइक्रो), ५६०९०६ |
| एपोलो एम्बुलेन्स ९८४६४३५६११ | नेपाली कांग्रेस तनहुँ - ५६०३७५ |
| लक्ष्मी अस्पताल, डुम्रे - ५८०००७ | नेकपा तनहुँ - ५६०१३४ |
| जीपी कोइराला रा.स्व.प्र.उ.के. ५७०४५५ | आ.क.भा.भ.क्याम्पस, दमौली - ५६००९६ |
| व्यास नगर हस्पिटल : ५६१८१२ | भानुभक्त क्याम्पस, खैरेनीटार- ५७०२४० |

## तपाईको आज

**मेष** (चु,चे,चो,ला,लि,लु,ले,लो,अ)
यात्रा अलि कष्टपूर्ण हुनेछ । गलत व्यक्तिको विश्वास गर्नाले धोका हुन सक्छ ।

**वृष** (इ,उ,ए,ओ,वा,वी,वू,बे,बो)
सानो कामले पनि राम्रो आम्दानी दिलाउनेछ । व्यापारमा राम्रै फड्को मार्ने समय छ ।

**मिथुन** (का,की,कू,घ,ङ,छ,के,को,हा)
छिटो फल प्राप्त गर्ने आकांक्षाले समस्या निम्त्याउनेछ । अरूका लागि बुद्धि र श्रम खर्चनुपर्ला ।

**कर्कट** (हि,हु,हे,हो,डा,डि,डु,डे,डो)
आत्तिने बानीले बोलीको गलत अर्थ लाग्न सक्छ । अरूको मुख ताक्ने बानीले काम अधुरो रहनेछ।

**सिंह** (मा,मो,मु,मे,मो,टा,टी,टु,टे)
तारिफयोग्य काम गर्दै नाम र दाम कमाउने समय छ । सामाजिक कार्यले हौसला प्रदान गर्नेछ ।

**कन्य** (टो,पा,पी,पू,ष,ण,ठ,पे,पो)
हाँसखेल र मनोरञ्जनको समय छ । प्रियजनसँगको भेटघाटले दिन रमाइलो रहनेछ ।

**तुला** (रा,री,रू,रे,रो,ता,ती,तु,ते)
पहिलेका सम्झौता तोड्नुपर्ने परिस्थिति आउन सक्छ । अरूको भरले मात्र काम पूरा नहुन सक्छ।

**वृश्चिक** (नो,ना,नी,नु,ने,नो,या,यी,यू)
मिहिनेतले केही काम गर्न सकिनेछ। आगन्तुकले व्यर्थैमा अलमल्याउन सक्छन् ।

**धनु** (ये,यो,भा,भि,भु,धा,फा,ढ,भ)
आफ्ना विषयमा पनि अरूले दाबी गर्न सक्छन् । लगनशीलताले मात्र संकल्प पूरा गर्न सकिनेछ ।

**मकर** (भो,जा,जी,खी,खु,खे,खो,गा,गी)
पराक्रमद्वारा अधिकार स्थापित गर्न सकिनेछ । चुनौती चिर्दै काम बनाउन सकिनेछ ।

**कुम्भ** (गु,गा,गो,सा,सी,सू,से,सो,दा)
प्रयत्न गर्दा राम्रै अवसर जुट्नेछ। साथीभाइले पनि राम्रै सहयोग जुटाउनेछन् ।

**मीन** (दि,दु,थ,झ,ञ,दे,दो,चा,ची)
अवसरका लागि केही दौडधुप गर्नुपर्नेछ । आकस्मिक खर्च बढ्नाले अर्थ अभाव देखापर्न सक्छ ।



**श्रमदानस्वरूप गिट्टी कुद्दै महिला :** लमजुङ दोर्दी गाउँपालिका-४ स्थित गैरी आमा समूहको भवन निर्माणका लागि श्रमदानस्वरूप गिट्टी कुद्दै यहाँका स्थानीय महिला। यस आमा समूहले अनुमानित रू २० लाखमा दुईतल्ले भवन निर्माण गर्न लागेको छ। *तस्विर : जनक श्रेष्ठ/रासस*

# चक्रवातका कारण भारत, बंगलादेशमा ठूलो क्षति

## ११ लाखभन्दा बढी मानिसको उद्धार

**रासस/एपी**/नयाँदिल्ली

पूर्वी भारत र छिमेकी बंगलादेशमा भारी वर्षा सहितको चक्रवातका कारण लाखौं मानिस प्रभावित भएका छन् । "यास" नामको उक्त आँधीका कारण बुधबार बिहानसम्म ११ लाखभन्दा बढी मानिसलाई सुरक्षित स्थलमा सारिएको अधिकारीहरूले बताएका छन् । प्रारम्भिक विवरणमा आँधीका कारण दुई जनाको मृत्यु भएको छ भने घरहरूमा व्यापक क्षति पुगेको छ। भारतका पूर्वी राज्यहरू पश्चिम बंगाल र उडिसामा शुरूआति प्रभाव पारेको यो आँधी उत्तरतर्फ बढ्दै गएको छ ।

भारतीय मौसम विज्ञान विभागका अनुसार वर्षा सहितको यस आँधीको सरदर गति १३० देखि १४० किलोमिटर प्रतिघण्टा रहेको छ। समुद्री किनाराबाट उक्त आँधी जमिनमा आउन थालेको र बुधबार साँझसम्म उक्त आँधीको वेग कमजोर हुँदै जाने विभागले जनाएको छ। बंगलादेशमा तटवर्ती २०० गाउँका हजारौं बासिन्दा आँधीको चपेटामा परेका छन् । समुद्रबाट आएका अग्लाअग्ला छालहरूले स्थानीयबासीका घर, पसल र खेतीपाती पुरै जलमग्न बनाएको छ।

दक्षिणास्थित पटुवाखाली जिल्लाको रङ्गबाली गाउँका २० भन्दा बढी गाउँहरू पुरै डुबानमा परेको एक जना वरिष्ठ प्रशासक मस्फीकर रहमानले जानकारी दिनुभयो । उहाँले नदीका दुई वटा तटबन्ध भत्किएर गाउँ पुरै डुबेको बताउँदै कम्तीमा १५ हजार व्यक्तिलाई आपतकालीन केन्द्रहरूमा राखिएको जानकारी गराउनुभयो । भारतमा पनि टेलिभिजनहरूले पश्चिम बंगालको डिघा समेतका तटीय क्षेत्रका सडकहरूमा घुँडाघुँडा पानी आएको दृश्य देखाएका छन् । भारी वर्षाका कारण धेरै ठाउँमा नदीका तटबन्धहरू फुटेका छन् ।

पश्चिम बंगालका मुख्यमन्त्री ममता बनर्जीले संवाददाताहरूसँग कुरा गर्दै तटीय क्षेत्रका बासिन्दाका २० हजारभन्दा बढी अस्थायी माटाले बनाएका घर क्षतिग्रस्त भएको जानकारी दिनुभयो । मंगलबार यतामात्र उडिसाका चन्दबाली र पारादिप क्षेत्रमा १७ सेन्टीमिटरभन्दा बढी वर्षा भएको थियो । यहाँको स्थानीय मौसम कार्यालयले १३ फिटसम्मका अग्ला समुद्री छालहरू आउन सक्ने प्रक्षेपण गरेको छ ।

कोलकाता र भुवनेश्वरका विमानस्थल बन्द गरिएका छन् भने रेलसेवा रद्द गरिएको छ । माछा मार्ने डुङ्गाहरूलाई सुरक्षित स्थानमा रहन भनिएको छ । कोरोनाभाइरस महामारी फैलिइरहेकै अवस्थामा आएको यस समुद्री आँधीले कोभिड-१९ को नियन्त्रणमा अर्को चुनौती थप्नेछ । गत साता भारतकै पश्चिमी तटीय क्षेत्रमा आएको ताउते नामको समुद्री आँधीका कारण १४० भन्दा बढी व्यक्तिको मृत्यु भएको थियो । उडिसाका मुख्यमन्त्री नवीन पटनायकले आश्रयस्थलमा रहेका नागरिकलाई मास्क लगाउन र सामाजिक दूरी कायम राख्न आह्वान गर्नु भएको छ ।

# सिमित मानिसको उपस्थितिमा ............

दीपावली गरी शान्तिको सन्देश दिनसमेत आह्वान गरिएको छ ।

इसापूर्व ५६३ अर्थात् आजभन्दा २५६५ वर्षअघि माता मायादेवी कपिलवस्तुको तिलौराकोटबाट रूपन्देहीको देवदह जाने क्रममा लुम्बिनी उद्यानमा वैशाख शुक्ल पूर्णिमाका दिन सिद्धार्थ गौतमको जन्म भएको थियो ।

इसापूर्व ५२८ को वैशाख शुक्ल पूर्णिमाका दिन उहाँले बुद्धगयास्थित पीपलको रूख (बोधिवृक्ष) मुनि बुद्धत्व प्राप्त गर्नुभयो । बुद्धत्व प्राप्त गरेपछि नै उहाँलाई गौतम बुद्ध, बुद्ध भगवान् आदि नामले पुकारिएको हो । दुःखलाई नाश गर्न तृष्णा क्षय गर्ने आठ मार्ग नै बुद्धले पाउनुभएको ज्ञान हो । सम्यक् संकल्प, सम्यक् दृष्टि, सम्यक् वचन, सम्यक् कर्म, सम्यक् आजीविका, सम्यक् व्यायाम, सम्यक् स्मृति र सम्यक् समाधि हुन् यी आठ मार्ग हुन् भनी उहाँले ज्ञान बाँड्नुभएको थियो । यी ज्ञान पहिलोपटक सारनाथस्थित मृगदावनमा पञ्चवर्गीय भिक्षुहरूलाई प्रवचन (धर्मदेशना) का माध्यमबाट बाँड्नुभएको थियो । ४५ वर्षसम्म यस्तो ज्ञान बाँडेपछि ८० वर्षको उमेरमा इसा पूर्व ४८३ मा वैशाख शुक्ल पूर्णिमाकै दिन कुशीनगरमा उहाँले महापरिनिर्वाण (मृत्यु) प्राप्त गर्नुभयो । विश्व जगत्मा शान्तिका अग्रदूत र एसियाका ताराका रूपमा भगवान् गौतम बुद्धलाई चिनिन्छ। बुद्धले आठ मार्गका माध्यमबाट शान्ति, अहिंसा, मैत्री र करूणाको शिक्षा आम मानिसलाई दिनुभयो। यसैकारण विश्वमा बुद्ध दर्शनले सम्प्रदाय वा पथको रूप धारण गरेको छ । कोरोनाका कारण गत वर्ष र यस वर्ष पनि बौद्ध, स्वयम्भूलगायत धार्मिक स्थल सुनसान बने। बिहान बुद्ध पूर्णिमाका अवसरमा गरिने पूजा, पाठ गरिएपनि अरू औपचारिक कार्यक्रम गरिएका थिएनन् ।

साबुन पानीले मिचिमिचि हात धुने बानीको विकास गरौं ।


# श्री विष्णु माध्यमिक विद्यालय

बन्दिपुर-१, नाहाला, तनहुँ
गण्डकी प्रदेश, नेपाल

**ठेक्का नं. BSS/SQ/01/077/78**

## ICT LAB सामाग्री खरिद सम्बन्धी सिलबन्दी दरभाउपत्र आव्हानको सूचना

*प्रथम पटक प्रकाशित मिति : २०७८/०२/१३*

यस श्री विष्णु माध्यमिक विद्यालयमा **ICT LAB** सामाग्री सिलबन्दी दरभाउ पत्रको माध्यमबाट खरिद गर्नुपर्ने भएकोले इच्छुक इजाजत प्राप्त रजिष्ट्रड निर्माता/कम्पनी/फर्म वा सप्लायर्सहरूबाट निम्न शर्तहरूको अधिनमा रहि यो सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिनभित्र यस कार्यालयबाट शिलवन्दी दरभाउपत्र फारम खरिद गरी यस कार्यालयमा पेश गर्नका लागि यो सूचना प्रकाशित गरिएको छ ।

१. दरभाउपत्र फारम सम्बन्धित आपूर्तिकर्ता वा अधिकार प्राप्त प्रतिनिधिले अध्यावधिक नवीकरण गरेको व्यवसायिक संस्था वा कम्पनीको दर्ता प्रमाणपत्र, मूल्य अभिवृद्धि कर, स्थायी लेखा नम्बर र आर्थिक वर्ष २०७६/०७७ सम्मको कर चुक्ता गरेको प्रमाणित पत्रका साथै उत्पादक फर्म वा कम्पनीको authorization letter को प्रमाणित प्रतिलिपि र दरभाउ पत्र दस्तुर रू १००० (एक हजार रूपैयाँ मात्र) निवेदनसाथ पेश गरेपछि यो सूचना प्रकाशित भएको मितिदेखि १५ दिनसम्म कार्यालय समयभित्र उपलब्ध गराइनेछ।
२. खरिद गरिएका दरभाउपत्र फारमहरूको महलहरू स्पष्ट रूपमा भरी प्रत्येक पानामा सहिछाप गरी प्रथम पटक सूचना प्रकाशित भएको मितिदेखि १६औं दिन दिनको १२:०० बजेसम्म यस कार्यालयमा उपस्थित भई दरभाउ पत्र दर्ता गराउनुपर्नेछ र सो सिलबन्दी दरभाउपत्र सोही दिन २:०० बजे यस कार्यालयमा खोलिनेछ। दरभाउपत्र दाता वा निजको प्रतिनिधिको अनुपस्थितिमा दरभाउपत्र फारम खोल्न बाधा पर्ने छैन ।
३. दरभाउपत्र खरिद गरिने र दर्ता गरिने अन्तिम मिति सार्वजनिक विदा परेमा सोको लगत्तै कार्यालय खुलेको दिनलाई तत् तत् प्रयोजनको लागि अन्तिम दिन मानिनेछ ।
४. दरभाउ पत्र फारम साथ जमानत बापतको रकम यस विद्यालयको **NIC ASIA** बैंक डुम्रे शाखा तनहुँ स्थित खाता नम्बर **E**६४१०५२४९९८५२४०१ धरौटी खातामा दाखिला गरेको सक्कल भौचर वा यस कार्यालयको नाममा जारी भएको कम्तिमा ७५ दिन म्याद भएको नेपाल सरकारको मान्यता प्राप्त क श्रेणीको बैंकबाट जारी भएको बिडवण्ड संलग्न गर्नु पर्नेछ ।
५. दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ । रित नपुगेका र म्याद नाघी आएका दरभाउपत्र उपर कुनै कारवाही गरिने छैन । दरभाउपत्रमा प्रत्येक आइटमको भ्याट बाहेकको दर रेट उल्लेख गर्नुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ।
६. खरिद गर्नुपर्ने सामग्रीको specification र बोलपत्र सम्बन्धी अन्य शर्तहरु दरभाउपत्र फारममा उल्लेख गरे बमोजिम हुनेछ । यस सूचनामा उल्लेख नभएका व्यहोराको हकमा सार्वजनिक खरिद ऐन २०६३ (संशोधन सहित), सार्वजनिक खरीद नियमावली २०६४ (संशोधन सहित) र प्रचलित नियमानुसार हुनेछ ।
७. दरभाउपत्र सम्बन्धी थप जानकारीको लागि श्री विष्णु माध्यमिक विद्यालयको कार्यालयमा सम्पर्क गर्न सकिनेछ ।
८. दरभाउपत्र दाताले आफूले दिन चाहेको **ICT LAB** सामाग्रीको उत्पादक कम्पनी र उत्पादन भएको मुलुकको नाम लगायत आवश्यक विवरण प्रष्टसँग उल्लेख गर्नुपर्दछ ।
९. दरभाउपत्र फारम खरिद र दरभाउपत्र फारम दर्ता सम्बन्धित दरभाउपत्र दाता वा निजले तोकेको आधिकारिक पत्र वाहकले मात्र खरिद गर्न सक्नेछन् ।
१०. Bill of quantity मा सामानको परिमाणमा थपघट भएमा दरभाउ पत्र दाताले कबोल गरेको दररेटमा उपलब्ध गराउनुपर्नेछ । प्राप्त दरभाउपत्रहरू पूर्ण वा आंशिक स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

**तपसिल**

| क.स. | सुचना नं | विवरण | लागत अनुमान मु.अ. कर सहित | धरौटी रकम | कैफियत |
|---|---|---|---|---|---|
| १ | ०१/०७७/०७८ | ICT LAB सामाग्री | ६,४८,५०० | १६,२१३ | |



## हाम्रा उपलब्ध सेवाहरू :

१) मेडिकल अफिसरद्वारा दैनिक विरामी जाच गरिन्छ ।, **२) प्याथोलोजी ल्याब:-** रगत दिशा पिसाब सम्बन्धी सम्पुर्ण जाच तथा सुगर, प्रेसर, मुटु सम्बन्धी र ४० वर्ष उमेर काटेका महिला तथा पुरूषहरूको - lipid profile - RFT - HIV, HCV, VDRL, - Lft - TFT - TPHA, - Calcium - Hba1ac, - Full body check up गरिन्छ ।, ३) भिडियो एक्सरे सेवा, ४) ईसिजी मुटुको जाच सेवा, ५) नेबुलाइजर बाफ सेवा, ६) OBSERVATION सेवा, ७) PLASTER सेवा, ८) घाउ DRESING वा SUTURING सेवा, **९) गुणस्तरीय फार्मेसी सेवा :-** १०) प्रत्येक हप्ता शनिबार बिशेषज्ञ डाक्टरद्वारा बिभिन्न रोगका बिरामीहरूकोको जाच ।

**नोट : फोनबाट पनि नाम टिपाउन सक्नुहुनेछ ।**

# मिर्लुङ्ग पोलिक्लिनिक प्रा.लि.

व्यास-२, दमौली तनहुँ। फोन : ०६५-५६१५७८, ९८४६०६२४६५, ९८४६७७०४७२





जि.का.कास्की द.नं. ११/२०३९/०४०, जि.प्र.का. तनहुँको स्वीकृत मितिः २०५९/०३/२४, त.जि.हु.द.नं. १०, ०६३/६४
२०७८ जेठ १३, विहीबार
May 27, 2021



**देवघाटधाम वेणी संगममा सरसफाई :** तनहुँको पवित्र धार्मिक स्थल देवघाटधाम वेणी संगमस्थलमा बुधबार सरसफाई गरिदै । देवघाट–५ स्थित देवघाटधाममा गाउँपालिकाका अध्यक्ष दुर्ग बहादुर थापाको नेतृत्वमा स्थानीय युवा, विभिन्न सामाजिक संघ संस्था, सुरक्षाकर्मी, स्थानीय बासिन्दाको उपस्थितिमा वेणी संगमस्थल क्षेत्र वरपर सरसफाई गरिएको थियो । *तस्विर : आशिक राना/भञ्ज्याङ*

# स्थानीयवासीको प्रयासमा चम्किएको च्यवनधाम

**कृष्ण न्यौपाने**/दमौली

पृथ्वी राजमार्ग नजिकै छ सेती नदीको किनार । जताततै ढुङ्गैढुङ्गा। दिउँसो पनि एक्लै हिँड्न डराउनुपर्ने अवस्था । नदीको तिरसम्म पुग्न साँघुरो गोरेटो थियो, मुस्किलले आउजाउ गर्न सकिने । उराठलाग्दो देखिने गाछेपानीस्थित सेती नदी ढुङ्गाले भरिएका किनारको स्वरूप एक दशकमा फेरिएको छ । दिउँसै डरलाग्दो त्यो नदी छेउको थुम्को अहिले पवित्र धाम बनेको छ । अहिले झकिझकाउ मन्दिर छ । त्यही स्थान अहिले धार्मिक पर्यटकको गतिलो गन्तव्य बनेको छ । पहिले एक्लै हिँड्न पनि डरलाग्ने कुरूप साँघुरो ठाउँ फेरिएर यति सुन्दर र फराकिलो पर्यटकीय गन्तव्य बनेको छ। तनहुँको शुक्लागण्डकी नगरपालिका-२ गाछेपानीका स्थानीयको पहलले यो ठाउँ तनहुँकै चर्चित धार्मिकस्थल बन्दैछ । नदी छेउको थुम्को मुक्तिनाथ शुक्लागण्डकी च्यवनधाम (मिनी मुक्तिनाथ) नामले चिनिन थालिसकेको छ । यस ठाउँ भगवान शिवजी प्रति आस्थावान् भक्तजनको आकर्षणको केन्द्र बनेको छ । हिन्दू धर्मको मात्र होइन च्यवनधाम बौद्ध धर्मलम्वीहरूको पनि आस्थाको थलो हो ।

विसं २०६५ मा नदी किनारमा रहेको यो जग्गा पहुँचवालाले हडप्न नखोजेको भए यो परिवर्तन सम्भव थिएन । "यहाँको २३ रोपनी जग्गा हडप्न खोजिएको थियो । गण्डकीको तिरसम्म पुग्ने बाटो पनि नहुने भएपछि संरक्षणमा हामी लाग्यौँ," मुक्तिनाथ शुक्लागण्डकी च्यवनधामका सचिव दुर्गादत्त सापकोटा भन्नुहुन्छ, "जग्गा संरक्षण गर्न भुलभुले बाराही एकता समाजले वृक्षारोपण गर्‍यो । यहीँको पुन मगर समाजले तारबार लगाए ।" पुन मगर समाजले तारबारमा साथ दिनुको कारण उनीहरूको अन्तिम घर अर्थात चिहान त्यही आडैमा थियो ।

जग्गा संरक्षणको दुई वर्षपछि विसं २०६७ सालमा काठमाडौँ बस्दै आउनुभएका ऋषिगुरू श्रीराम पौडेलसँग स्थानीयको सम्पर्क भयो । पौडेलले सेतीको तिर तपोभूमि भएको सुनाउनुभयो । त्यसो त शुक्लागण्डकी क्षेत्र च्यवन ऋषिको तपोभूमिको रूपमा पनि परिचित थियो। "गुरूले मुक्तिनाथमा गएर ध्यान बस्दा यहाँको वस्तुस्थिति देखेको सुनाउनुभयो । उहाँले नै तपोभूमि बन्छ भनेपछि हामीले मन्दिरको अवधारणा बनायौ," सापकोटा विगत सम्झदै भन्नुहुन्छ ।

त्यही वर्षको कात्तिकमा मन्दिर सहितका पूर्वाधार निर्माणका लागि लालप्रसाद गर्तौलाको अध्यक्षतामा १३ सदस्यीय समिति गठन गरिएको थियो। माघमा यो क्षेत्रलाई श्री मुक्तिनाथ शुक्लागण्डकी च्यवनधाम नामकरण गरियो। समिति मन्दिर बनाउन कस्सिएपनि आर्थिक अभाव आइलाग्यो। देशभर आर्थिक संकलनका लागि महायज्ञ गर्ने परम्परा चलेको बेला त्यसैलाई अनुसरण गर्ने उपाय निकाल्यो उक्त समितिले । पूर्वाधार निर्माणमा आर्थिक सङ्कलन गर्ने उद्देश्यले सोही वर्षको चैत १० गतेदेखि १७ गतेसम्म सञ्चालन भएको महायज्ञमा रू एक करोड ५० लाख सङ्कलन भएपछि मन्दिरमा पूर्वाधार निर्माणको काम शुरू भएको हो ।

महायज्ञमा उठेको रकमले समितिलाई हौसला थपेको सापकोटाले सुनाउनुभयो । महायज्ञ लगाएको छ महिनापछि विसं २०६८ कत्तिकमा मन्दिर शिलान्यास भयो र पूर्वाधार निर्माण शुरूभयो। च्यवनधाम परिसरमा अहिले आकर्षक शुक्लेश्वर महादेव मन्दिर छ । मन्दिरको छानो तामाको छ । शुक्लेश्वरको आसपासमा सूर्य नारायण, लक्ष्मी नारायण, दुर्गा भवानी र गणेशको मन्दिर छ ।

यहाँ मुक्तिनाथकै झल्को दिने एक सय आठ धारा, एक सय आठ ओमकार कल्पवृक्ष, एक सय आठ शिवलिङ्ग, मोक्षकुण्ड, वृद्धाश्रम, पार्कलगायतका संरचना छन् । च्यवनधाम परिसरमा बौद्ध गुम्बा छ। गुम्बाले एक अर्काको धर्मलाई सम्मान गर्नुपर्छ भन्ने सन्देश प्रवाह गर्ने सापकोटाको भनाइ छ । मन्दिर क्षेत्रमा एक दशकको अवधिमा रू तीन करोडभन्दा बढी पूर्वाधार निर्माणमा लगानी गरिएको छ । उक्त रकम दान संकलनसँगै सङ्घीय सरकार, प्रदेश सरकार र स्थानीय सरकारले पनि उपलब्ध गराएका छन् । "च्यवनधाममा पूर्वाधार थप्दै गएपछि आन्तरिक पर्यटकको उत्कृष्ट केन्द्र बन्नेछ," सापकोटाले भन्नुभयो ।

मन्दिरमा अझै पनि पूर्वाधार थप गर्ने योजना छ । त्यसका लागि तीन तहका सरकारसँग सहयोग मागिनेछ। सरकारी निकायबाट सहयोग आइरहेपनि जति सहयोग आउँछ त्यो भन्दा दोब्बर तेब्बर खच समितिले गरेको उहाँले सुनाउनुभयो । मन्दिर व्यवस्थापन समितिका उपाध्यक्ष अर्जुन लम्सालले धाम परिसारमा योजनाअनुसार निर्माण गरिने बताउनुभयो । "गुम्बाको तलपट्टी मिनी चिडियाखाना बनाउने योजना बनाइएको छ । गण्डकीको तिरको ढिस्कोको माथिपट्टी हनुमानको मूर्ति र त्यसको तलपट्टी शनि देवताको मूर्ति बनाउने योजना छ ।



च्यवनधाममा नयाँ वर्ष, साउने सोमबार, कृष्ण अष्टमी, बाला चतुदर्शी र शिवरात्रीमा भक्तजनको बढी घुइँचो लाग्छ । प्रत्येक वर्षको साउन महिनामा शिवपुराण लगाउने गरिएको छ। उहाँका अनुसार साउनमा प्रत्येक सोमबार र शिवरात्री पर्वको बेला यहाँ दैनिक पाँच हजार बढी भक्तजन भेला हुन्छन्। च्यवनधाममा रहेको शुक्लेश्वर महादेवको मन्दिरमा पूजाअर्चना गरेपछि सन्तान नभएकालाई सन्तान प्राप्ति हुने जनविश्वास रहेको छ । यो वर्ष गण्डकी प्रदेश सरकारको लगानीमा रू २५ लाख खर्च गरी यहाँ रहेको एक सय आठ धाराको माथिपट्टी कृत्रिम हिमाल निर्माण गरिएको छ । कृत्रिम हिमाल बनाएपछि मन्दिरमा आन्तरिक पर्यटकको संख्या बढ्न थालेको मन्दिर व्यवस्थापन समितिका सहसचिव अस्मिता खनाल बताउनुहुन्छ । उहाँ भन्नुहुन्छ, "कृत्रिम हिमालले आन्तरिक पर्यटकमा वृद्दि हुने लक्षण देखाइसकेको छ ।"

यही बाटो भएर तनहुँकै प्रसिद्ध धार्मिकस्थल ढोरबाराही मन्दिर पुगिन्छ। ढोरवाराही जाने धार्मिक पर्यटक पनि च्यवनधाममा आउने गरेको उहाँको भनाई छ । ढोरबाराही र च्यवनधामलाई जोडेर प्रचार गर्न सके दैनिक हजारौ धार्मिक पर्यटक भित्र्याउन सकिनेमा खनाल विश्वस्त हुनुहुन्छ । मुक्तिनाथ शुक्लागण्डकी च्यवनधाम मिलेनियम ट्रेकको शुरूआती विन्दु हो। सन् २००० देखि शुरू भएको तनहुँ र स्याङ्जालाई जोड्ने ७२ किलोमिटर दूरीको मिलेनियम ट्रेक यहीँबाट शुरू हुने भएकाले पनि पर्यटनमा यथेष्ट सम्भावना छ । च्यवनधामको नजिकै सेती नदीमा बग्ने पानीको वहावले कुँदेर बनाएको प्राकृतिक ढुङ्गे बगैंचाले जोकोहीलाई लोभ्याउन सक्छ । च्यवनधाम र ढुङ्गे बगैचामा म्युजिक भिडियो छायाङ्कन गर्ने लहर पनि बढेको छ ।

च्यवनधामलाई तनुहँकै उत्कृष्ट गन्तव्य बनाउन स्थानीयवासीसँग स्थानीय सरकारले हातेमालो गरिरहेको वडाध्यक्ष जगतबहादुर गुरूङले बताउनुभयो । मिनी मुक्तिनाथको अवधारणा भएको हुँदा पूर्वाधार निर्माणमा नगरले वर्षेनि बजेटको व्यवस्था गरेको उहाँले सुनाउनुभयो । "पूर्वाधार बनेपछि प्रचारप्रसारमा जोड दिन्छौँ", उहाँले भन्नुभयो, "वरपरका गन्तव्यसँगै मुक्तिनाथ पुग्ने पर्यटकलाई च्यवनधाममा आउने वातावरण बनाउँछौं ।" रासस

## facebook twitter



**खुशी**
twitter.com/khushiOptional
पासपोर्ट बोकेर हिडेको कथा तिमीलाई के थाहा श्रृण काटेर हिडेको अवस्था तिमीलाई के थाहा देख्छौ तस्विरमा खाली उज्यालो मुस्कान मेरो महामारीमा एक्लिएको ब्यथा तिमीलाई के थाहा ।



**अंकित**
twitter.com/ankitbhusal01
जीवन बाचुन्जेलीलाई हो हजुर । मरेपछि त आफ्नै आफन्तिले पनि १३ दिन गन्न नसकेर पटक पटक सोध्ने गर्छन् आज कति दिन भयो भनेर ।



**हार्ड लाइफ**
twitter.com/hardlife371

घुसखोरी र भ्रष्टाचारीको आसन छ यहाँ
ठुला पोस्टमा यिनीहरूकै शासन छ यहाँ

गर्नलाई केही कम गर्दैनन् यिनीहरूले
तर सात पुस्तालाई पुग्ने रासन छ यहाँ

बोलीको त कुरै नगरौ औठाछापको पनि
आकाशको तारा खसाल्ने भाषण छ यहाँ

विश्वले प्रगतीको शिखर चुमिसक्दा पनि
२१औ शताब्दिमा युग त्यहि भाषण छ यहाँ



**कार्की जी**
https://twitter.com/whatteacherkar2
छुट्छन् साथहरू, टुट्छन मनहरू, जब जोडिन्छन् अर्कैसँग नाताहरू, कतै मजबूरि–कतै रोजाई, कतै हाँसौं–कतै रोदन, कतै खुसी त कतै दुःखी यी र यस्तै यस्तै परिस्थितिहरूको संगम हो जिन्दगी... निरन्तर अनवरत चलिरहने यात्रा हो जिन्दगी... हो निरन्तर चलिरहने यात्रा हो जिन्दगी ।

# संक्रमितभन्दा निको हुनेको संख्या बढ्दो

**भञ्ज्याङ समाचारदाता**/दमौली

गत २४ घण्टामा छ हजार ७१६ जना कोरोना भाइरस (कोभिड १९) संक्रमणमुक्त भएका छन् । नयाँ भेरियन्टसहितको कोरोना तीव्र रूपमा फैलिएका बेला आज संक्रमितभन्दा निको हुनेको संख्या बढेको हो । यस अवधिमा छ हजार ७१४ नयाँ संक्रमित थपिएको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जनाएको छ । यस अवधिमा नयाँ संक्रमितभन्दा निको हुनेको संख्या दुई जना बढी रहेको मन्त्रालयले बधुबार आयोजना गरेको पत्रकार सम्मेलनमा जानकारी दिइयो ।

देशभरका प्रयोगशालामा १९ हजार ३० नमुनाको पिसिआर परीक्षण गर्दा छ हजार ६७७ जना र ३२२ जनाको एन्टिजेन परीक्षण गर्दा ३७ जनामा संक्रमण पुष्टि भएको छ । पछिल्लो २४ घण्टामा काठमाडौँ उपत्यकामा एक हजार ४९३ संक्रमित थपिएका छन् । जसमध्ये काठमाडौँमा एक हजार १३९, ललितपुरमा २४१ र भक्तपुरमा ११३ जना थपिएको मन्त्रालयले जनाएको छ । योसँगै देशभरमा संक्रिय संक्रमितको संख्या एक लाख १७ हजार ७७ पुगेको छ । पछिल्लो २४ घण्टामा १४५ जनाको कोरोनाकै कारण निधन भएको छ। हालसम्म मृतकको संख्या छ हजार ८४५ पुगेको छ ।

# जीपीको कोभिड .............

'अरू ओपिडि सेवालाई भने निरन्तरता दिइरहेका छौं । तर, अस्पतालमा कोरोना संक्रमितलाई उपचार गर्छन भनेर अन्य सेवा लिनलाई सेवाग्राहीहरू अनकन गरेको पाइएको छ ।' कोरोना संक्रमितको उपचारका लागि जिल्लाको १० वटै पालिकामा गरी १९५ बेडको १२ वटा कोभिड अस्पताल सञ्चालनमा ल्याइएको छ । ७ वटा आइसियु, ४ वटा भेन्टिलेटर र २६३ अक्सिजन सिलिन्डर तयारी अवस्थामा राखिएको छ ।

यस्तै, तनहुँमा बुधबारमात्रै १६६ जनामा कोरोना संक्रमण पुष्टि भएको छ । स्वास्थ्य निर्देशनालय गण्डकी प्रदेशले सार्वजनिक गरेको विवरणमा तनहुँका १६६ जनामा संक्रमण पुष्टि भएको देखिइएको छ ।

त्यस्तै, स्वास्थ्य कार्यालय तनहुँले सार्वजनिक गरेको विवरणमा बुधबार साँझसम्म तनहुँमा कोरोनाका सक्रिय संक्रमितको संख्या ९६२ रहेको र यी मध्ये ५३ जना संस्थागत आइसोलेशनमा उपचाररत रहेका छन् भने ९११ जना होम आइसोलेशनमा बसेका छन् । जिल्लामा बैशाख महिना यता कोरोना संक्रमणबाट ३४ जनाको मृत्यु भएको छ ।

वि.सं. २०३९ देखि निरन्तर प्रकाशित
तपाई जहाँ भएपनि अब हामी तपाईकै साथ र हातमा
भञ्ज्याङ राष्ट्रिय दैनिक
ANDROID APP ON Google play
Bhanjyangnews
Bhanjyang Daily
@bhanjyangdaily
News/Media Website
Follow
भञ्ज्याङ दैनिक
@bhanjyangdaily
www.bhanjyangnews.com
YouTube Bhanjyang Daily
Contact : 065-560907
E-mail : bhanjyangdml@gmail.com

**भञ्ज्याङ पब्लिकेशन प्रा.लि.**द्वारा प्रकाशित **भञ्ज्याङ राष्ट्रिय दैनिक** पत्रिकाको लागि **सम्पादक :** नारायण खड्का ।
**कार्यालय :** ब्यास-२, दमौली, तनहुँ । **फोनः ०६५-५६०९०७**, E-mail:- bhanjyangdml@gmail.com, Web : www.bhanjyangnews.com **मुद्रण :-** विज्ञान प्रिन्टर्स दमौली, फोन : ०६५-५६०१२४